PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

मानव बेचबिखन अनुसन्धान व्यूरो

बबरमहल, काठमाण्डौ ।

फो.नं: ०१-५३३९५६९
०१-५३४११७७

प्रेस विज्ञप्ति-३६

(प्रेस विज्ञप्ति-३१ सँग सम्बन्धित)

## " दुवईमा पठाईदिने भनि झुक्याएर कुवेत पुऱ्याई बेचबिखन गर्ने व्यक्ति पक्राउ "

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२६४) लाई दुवईको पार्लरमा आकर्षक तलव हुने काममा पठाईदिने प्रलोभनमा पारी प्रतिवादीहरुले मिलेमतो गरी झुक्याई कुवेतमा पुऱ्याई बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति मध्येका गणेश बहादुर कटुवाललाई पीडितको जाहेरीको आधारमा यस व्युरोबाट खटिएको प्रहरी टोलिले मिति २०८०/१२/०२ गते जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.०५ स्थितबाट पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भई रहेकोमा सोही वारदातमा संलग्न रही फरार रहेका प्रतिवादी मध्येका वर्ष ५८ को लक्ष्मी प्रसाद निला सिटौलालाई आज मिति २०८०।१२।२० गते जिल्ला काठमाण्डौ का.म.पा. वडा नं.०९ बाट पक्राउ गरी आजैका मितिबाट लागु हुने गरी सम्मानित जिल्ला अदालतबाट दिन ४(चार) को मिलान म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भई रहेको । साथै निज प्रतिवादी लक्ष्मी प्रसाद निला सिटौलालाई पक्राउ गर्ने क्रममा निजले VISIT VISA मा दुबई हुदै खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा आकर्षक तलब सुविधा हुने काममा लगाई दिने प्रलोभन देखाई थप ५ जना महिलाहरुलाई विदेश लैजाने प्रकृयाको लागी काठमाण्डौको गौशाला स्थित होटलमा राखेको अवस्थामा फेला पारिएकोले निज महिलाहरुलाई उद्दार गरी आवश्यक परामर्श प्रदान गर्नुका साथै थप बुझ्ने कार्य भईरहेको । ।

**पक्राउ परेको अभियुक्तको विवरण :-**

**नाम**:- लक्ष्मी प्रसाद निला सिटौला

**उमेर**:- ५८ बर्ष

**स्थायी वतन**:- जिल्ला झापा साविक तोपगाछी गा.बि.स.वडा नं. ९ वतन भई हाल जिल्ला काठमाण्डौं का.म.न.पा.वडा नं. ९ बस्ने ।

## अभियुक्तको फोटो



प्रवक्ता
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२९२२०२

**मिति:-२०८०/१२/२० गते ।**